त्रिभुवन विश्वविद्यालय
विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय, कीर्तिपुर

**सेमेस्टर परीक्षा प्रणालीअनुसार चार बर्से स्नातक तह खाद्य प्रविधि B.Tech. (Food Technology) कार्यक्रममा २०८२ सालको नयाँ विद्यार्थी भर्ना सम्बन्धी अत्यन्त जरुरी सूचना**

त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गतका आङ्गिक क्याम्पस तथा सम्बन्धन प्राप्त कलेजहरूमा सेमेस्टर प्रणाली अन्तर्गत ग्रेडिङ पद्दति अनुरुप पठनपाठन हुने विज्ञानतर्फ आठ सेमेस्टरको स्नातक तह खाद्यप्रविधि B.Tech. (Food Technology) कार्यक्रममा भर्ना हुन इच्छुक विद्यार्थीहरूका निमित्त २०८२ सालको लागि निम्नानुसारको नयाँ भर्ना कार्यक्रम प्रकाशित गरिएको छ । आवेदन अनलाइन माध्यमबाट मात्र गर्नुपर्नेछ ।

**१ आवेदनका लागि न्यूनतम योग्यता :**

(क) मान्यता प्राप्त शिक्षण संस्थावाट माध्यमिक शिक्षा वा सो सरहको १०+२ (विज्ञान) वा प्रविणता प्रमाणपत्र तह खाद्य/प्रयोगशाला प्रविधि वा प्रमाणपत्र तह (I.Sc.) वा सो सरहको परीक्षामा रसायनशास्त्र र गणित **विषयमा १००/१०० पूर्णाङ्क** लिई कम्तीमा दोस्रो श्रेणी वा **Final Grade C ल्याई** कम्तीमा १०० पूर्णाङ्कको अङ्ग्रेजी विषय लिई उत्तीर्ण गरेको हुनुपर्नेछ । अन्य विषयहरुमा कम्तीमा GPA 1.6 प्राप्त गरी उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ख) CTEVT बाट तीन वर्षे डिप्लोमामा अङ्ग्रेजी, रसायनशास्त्र र गणित **विषयमा १००/१०० पूर्णाङ्क** लिई कम्तीमा दोस्रो श्रेणीमा उत्तीर्ण गरेको हुनुपर्नेछ ।

(ग) A Level अध्ययन गर्नेको हकमा अङ्ग्रेजी, रसायनशास्त्र र गणित विषयमा १००/१०० पूर्णाङ्कको विषय लिई प्रत्येक विषयमा कम्तीमा D ग्रेड (with or without small letter) ल्याई उत्तीर्ण हुनुपर्नेछ ।

(घ) विदेशी शैक्षिक संस्था वा विश्वविद्यालयबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा पाठ्यक्रम विकास केन्द्र, सानोठिमी भक्तपुरबाट समकक्षता प्राप्त गरेको कागजात पेस गर्नुपर्नेछ ।

**२. आवेदन प्रक्रिया -Completely Online :**

(क) विज्ञान तथा प्रविधि अध्ययन संस्थानको Website: https://iost.tu.edu.np मा राखिएको प्रवेश परीक्षाको आवेदन फाराम आवेदक स्वयम्ले भरी Online बाट नै सोही Website मार्फत Submit गर्नुपर्ने छ ।

(ख) Website मा Online फारम **२०८२।०४।२० गते मंगलबारदेखि मिति २०८२।०५।१९ गते बिहीबार** सम्म उपलब्ध हुनेछ । तसर्थ उक्त अवधिभित्र कुनै पनि समयमा परीक्षा फाराम भरिसक्न सूचित गरिन्छ । तोकिएको समय पश्चात Online फाराम स्वत: बन्द हुनेछ ।

(ग) आवेदन फाराम Internet सुविधा भएको कुनै पनि स्थानबाट तोकिएका दिनहरूमा कुनै पनि समयमा भर्न सकिनेछ ।

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय कीर्तिपुर २०४५

**(घ) प्रवेश परीक्षा शुल्कबापतको रकम रु.१६५०।-(अक्षेरुपी एक हजार छ सय पचास मात्र)** नेपालभित्रको ग्लोबल आई.एम.ई.बैंक लि.को कुनै पनि शाखाबाट विज्ञान तथा प्रविधि अध्ययन संस्थान प्रवेश परीक्षाको लागि सो बैंक भौंचर भरी यस कार्यालयको नाममा ग्लोवल आई.एम.ई. बैंक लिमिटेड कीर्तिपुर शाखामा रहेको खातामा जम्मा हुने गरी बुझाएको हुनुपर्नेछ । साथै भर्ना पोर्टलमा रहेको अनलाइन माध्यमबाट IoST को Webpage मा दिइएको app तथा Link प्रयोग गरेर पनि शुल्क जम्मा गर्न सकिनेछ । Online फारम भर्दा बैंकको भौंचर नम्वर वा Transaction ID number अनिवार्य रुपमा भर्नुपर्नेछ । **परीक्षा शुल्कबापत बुझाएको रकम फिर्ता हुनेछैन ।**

(ङ) आवेदकले फारम भर्दा Online मा उपलब्ध निर्देशनलाई अनिवार्य रुपले पालना गर्दै जानकारीहरू तथा Upload गर्नुपर्ने सामाग्रीहरू सहित Submit गर्नुपर्नेछ । आवेदकको न्यूनतम योग्यता प्रमाणित गर्न ट्रान्सक्रिप्ट, मार्कसिट, समकक्षता प्रमाणपत्र, आवेदकको हस्ताक्षर (कालो मसी प्रयोग गर्ने) तथा MRP Standard फोटो लगायतका सामग्रीहरू तयार गरेपछि मात्र फाराम भर्न सूचित गरिन्छ । धमिलो, पढ्न नसकिने डकुमेन्ट प्राप्त भएमा फाराम स्वीकृत हुनेछैन ।

(च) Online बाट परीक्षा फारम भरी Submit गरी सकेपछि तत्काले प्राप्त हुने Acknowledgement Page Print गर्नुपर्नेछ ।

(छ) प्रवेश परीक्षाको केही दिन अगाडिबाट Online माध्यमबाटै चरणबद्ध रुपमा प्रवेश पत्र उपलब्ध गराइनेछ । उक्त प्रवेश पत्र Download गरी Color Print गर्नु पर्नेछ । परीक्षामा सामेल हुन अनिवार्य रुपले प्रवेश पत्रसहित आफूले तोकेको जिल्ला/केन्द्रमा जानुपर्नेछ । प्रवेश पत्रको साथै आफ्नो परिचय खुलाउने फोटो सहितको ID (जस्तै नागरिकता प्रमाणपत्र वा सवारी चालक प्रमाणपत्र वा पछिल्लो शैक्षिक तहको प्रवेश पत्र) पनि ल्याउनुपर्नेछ ।

३. **Online फारम भर्दा नै विद्यार्थीहरूले परीक्षा दिने जिल्ला रोज्नुपर्नेछ । ती निम्न हुनेछन् ।**

(क) काठमाडौं उपत्यका
(ख) सुनसरी
(ग) कास्की

४. **प्रवेश परीक्षा हुने मिति र समय : पछि प्रकाशित गरिनेछ**

५. **परीक्षा केन्द्र :** पछि प्रकाशित गरिनेछ ।

६. विज्ञान तथा प्रविधि अध्ययन संस्थान अन्तर्गत आठ सेमेस्टरको स्नातक तह खाद्यप्रविधि (B.Tech Food Technology) विषयको कार्यक्रममा शैक्षिक वर्ष २०८२ मा निम्नानुसारका क्याम्पस/कलेजहरूमा विद्यार्थीहरूले भर्ना आवेदन गर्न सक्नेछन् ।

| सि.न. | आंगिक क्याम्पस | निर्धारित कोटा |
|---|---|---|
| १ | केन्द्रिय प्रविधि क्याम्पस, हात्तिसार धरान | ४८ |

| सि.न | सम्वन्धन प्राप्त क्याम्पस | निर्धारित कोटा |
|---|---|---|
| १ | नेशनल कलेज अफ फुड टेक्नोलोजी, नया बजार खुसिबुँ | २४ |
| २ | ललितपुर भ्याली कलेज, जावलाखेल | २४ |
| ३ | पद्मश्री इ. कलेज, तिनकुने, काठमाडौं | २४ |
| ४ | गोल्डेनगेट इन्टरनेशनल कलेज, बत्तिसपुतली काठमाडौं | २४ |
| ५ | पोखरा विज्ञान तथा प्रविधि क्याम्पस, पोखरा | २४ |
| ६ | सुनसरी टेक्नीकल कलेज , धरान | २४ |

विज्ञान तथा प्रविधि अध्ययन संस्थान डीनको कार्यालय

**७. प्रवेश परीक्षा सम्बन्धी थप जानकारी :**

क) प्रवेश परीक्षाको अंकभार १०० पूर्णाङ्कको हुनेछ । जसमा I.Sc. / ११ र १२ वा सो सरहको पाठ्यक्रमको आधारमा निम्न विषयका Objective/Multiple Choice प्रश्नहरू हुनेछन् । कुनै पनि Objective प्रश्नको Negative Marking हुँदैन ।

a) Chemistry – 25 Marks
b) Mathematics-25 Marks
c) Physics – 25 Marks
d) Language Aptitude (English) - 25 marks

ख) प्रवेश परीक्षाको अवधि २ घण्टाको हुनेछ ।

ग) प्रवेश परीक्षा उत्तीर्ण हुन पूर्णाडक्को ३५ प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ ।

घ) प्रवेश परीक्षाको नतिजामा परीक्षार्थीहरूले बराबर अङ्क प्राप्त गरेमा प्रवेश परीक्षामा रसायनशास्त्र विषयमा प्राप्त गरेको अङ्कको आधारमा योग्यता सूची तयार (Placement) गरिनेछ । त्यहाँ पनि बराबर अङ्क भएमा क्रमशः गणित, भौतिकशास्त्र र Language Aptitude (English) विषयमा प्राप्त गरेको अङ्कलाई आधार बनाइनेछ । यी सबैमा बराबर अङ्क भएको अवस्थामा क्रमशः तल्लो शैक्षिक तहलाई आधार बनाइनेछ । यी आधारबाट प्राप्त अङ्कहरू प्रकाशित हुने छैनन् ।

**८. भर्ना** : नजिता प्रकाशन पश्चात् हरेक परीक्षार्थीले आ-आफ्नो Score Sheet Download गर्नुपर्नेछ र भर्ना हुन चाहेको कलेजमा सम्पर्क राख्नुपर्नेछ ।

**९. केन्द्रिय प्रविधि क्याम्पस, धरानमा विशेष व्यवस्था :** केन्द्रिय प्रविधि क्याम्पस, धरानको हकमा नियमित तथा डोनेसन कोटाहरूमा प्रवेश परीक्षाको प्राप्ताङ्कको आधारमा विद्यार्थी भर्ना लिइनेछ । नियमित र डोनेसन कोटाहरू र अन्य जानकारी क्याम्पसको फोन नं. ०२५५७०२२८ वा वेबसाइट https://cct.tu.edu.np/ बाट प्राप्त गर्न सकिनेछ ।

**१०. समावेशी कोटा सम्बन्धमा :** समावेशी कोटा सम्बन्धमा : क्याम्पस/कलेजहरुले 'त्रिभुवन विश्वविद्यालय अन्तर्गतका आङ्गिक क्याम्पसमा आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम, २०७४' ले व्यवस्थागरे बमोजिम समावेशी कोटाको आधारमा भर्ना गर्नुपर्नेछ ।

११ **छात्रवृत्तिः** 'त्रि.वि. विज्ञान तथा प्रविधि अध्ययन संस्थान छात्रवृत्ति सम्बन्धी कार्य निर्देशिका २०७९' ले व्यवस्था गरेबमोजिम क्याम्पसले छात्रवृत्ति प्रदान गर्नुपर्नेछ ।

१२ सेमेस्टर प्रणाली सञ्चालन कार्यविधि २०७४ अनुसार शैक्षिक कार्यक्रम सञ्चालन हुनेछ ।

मिति : २०८२।०४।१८

विज्ञान तथा प्रविधि अध्ययन संस्थान
डीनको कार्यालय
कीर्तिपुर २०४५

**सहायक डीन**